नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(प्रशासन शाखा)

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

पत्र संख्या:- १.१./प्र./२०७९/०८०/१(१)३१
चलानी नं.:- 640

मितिः- २०७९/०९/२०

विषयः- परिपत्र सम्बन्धमा ।

श्री योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा,
श्री भूमि व्यवस्थापन महाशाखा,
श्री गरिबी निवारण कोष अभिलेख व्यवस्थापन कार्यक्रम,
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ।
श्री राष्ट्रिय सहकारी विकास बोर्ड, पुल्चोक ।
श्री राष्ट्रिय भूमि आयोग, ताहाचल।
श्री गुठी संस्थान, प्रधान कार्यालय, त्रिपुरेश्वर ।
श्री समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, अनामनगर ।
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल ।
श्री नापी विभाग, मीनभवन ।
श्री सहकारी विभाग, नयाँबानेश्वर ।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल ।

उपर्युक्त सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंको प.सं. २०७९/०८० च.नं. म.बै./३२१/३२३८ मिति २०७९/०९/१४ को पत्रका सम्बन्धमा सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"को अध्यक्षतामा गठित मन्त्रिपरिषद्को मिति २०७९।०९।११ मा बसेको पहिलो बैठकको निर्णयहरु यसैसाथ संलग्न राखी तहाँ महाशाखा/ शाखा/ आयोग / विभाग / केन्द्र / कार्यालय / बोर्ड / संस्थान तथा मातहतका निकायहरु समेतलाई आवश्यक कार्यान्वयनको लागि पठाइएको व्यहोरा मिति २०७९।९।२० को निर्णयानुसार अनुरोध छ ।

बोधार्थः
कम्प्युटर अधिकृत श्री चित्र बहादु चौहान, (Website मा सुचना Upload गर्नुहुन)
गरीब पहिचान तथा मापदण्ड शाखा ।

(अर्जुन पौडेल)
शाखा अधिकृत

---

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. : म.बै./३२१/३२३८

मितिः २०७९/९/१४

प्रिय सहकारीज्यू,

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा गठित मन्त्रिपरिषद्को मिति २०७९/९/११ मा बसेको पहिलो बैठकले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध गर्दछु।

नेपाल सरकारको निर्णय–

१. वित्तीय र मौद्रिक नीतिको सामञ्जस्यपूर्ण कार्यान्वयनबाट अर्थतन्त्रमा देखापरेका तरलता सङ्कुचन, उच्च ब्याजदर, विदेशी मुद्राको सञ्चितिमा परेको दबाब तथा पुँजी बजारमा आएको गिरावटलाई सम्बोधन गरी अर्थतन्त्रलाई गतिशील बनाउने।
२. राजस्वको लक्ष्य प्राप्त गर्न राजस्व चुहावटलाई कडाईका साथ नियन्त्रण गर्ने र यसका लागि राजस्व प्रशासनमा आवश्यक पुनर्संरचना गर्ने। अर्थतन्त्रमा देखापरेका समस्या समाधान गर्न, राजस्वको लक्ष्य प्राप्त गर्न एवं आर्थिक वृद्धि हासिल गर्न निजी क्षेत्रसँगको सहकार्य र सहयोगलाई वस्तुगत रूपमा घनिभूत बनाउने।
३. सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने। प्रतिकात्मक रूपमा आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमार्फत यसै आर्थिक वर्षदेखि राष्ट्रसेवकहरूको तलबमानमा गरिएको वृद्धि मन्त्रिपरिषद्का सदस्यहरूले कम्तीमा यस आर्थिक वर्षका लागि नलिने।
४. नागरिकलाई प्रदान गरिँदै आएका आधारभूत सेवा विशेषतः राष्ट्रिय परिचयपत्र, विधुतीय राहदानी, सवारी चालक अनुमतिपत्र लगायतका सेवालाई सुगम, सरल, कम खर्चिलो र झन्झटमुक्त बनाउने। यसमा तत्काल सुधारका कार्य प्रारम्भ गरी एक महिनाभित्र परिणाम देखिने व्यवस्था मिलाउने।
५. विकास परियोजनाहरूको सार्वजनिक खरिद, परियोजनाको निर्माण तथा सञ्चालनमा देखिएका ढिलाई, जिम्मेवारी पन्छाउने प्रवृत्ति र निर्माण कार्यको गुणस्तरहीनता हटाउन यस कार्यमा संलग्न हुने परियोजना प्रमुखलाई नै जिम्मेवार बनाउने र त्यसकै आधारमा वृत्ति विकास सुनिश्चित हुने व्यवस्था गर्ने। विकाससम्बन्धी काममा तीव्रता दिन सोसम्बन्धी छुट्टै कानून तर्जुमा गर्ने।
६. सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, व्यवसायिक र जवाफदेही बनाउने। भ्रष्टाचारलाई कडाईका साथ नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने।
७. हाललाई नेपाल सरकारको प्रवक्तामा माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्रीलाई तोक्ने।
८. परिवर्तित सन्दर्भमा मन्त्रिपरिषद् र मन्त्रिपरिषद्का विभिन्न समितिहरूमा प्रक्रियामा रहेका वा प्रक्रियामा नलगिएका सम्पूर्ण प्रस्तावहरू सम्बन्धित मन्त्रालयमा फिर्ता गर्ने।

श्री सचिव,
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय।

(मधुकुमार मरासिनी)
सचिव

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np